# सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३)
# र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण
# एशियन लाईफ इन्स्योरेन्स कं. लि.
# २०८१।०१।२६

**क) निकायको स्वरुप र प्रकृतिः**

नेपाल सरकारको कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ अनुसार तथा बीमा ऐन २०७९ र बीमा नियमावली २०४९ अन्तर्गत जीवन बीमाको काम गर्ने बीमकको रुपमा नेपाल बीमा प्राधिकरणबाट आवश्यक स्वीकृती प्राप्त गरी मिति २०६४/१२/२१ मा स्थापना भएको जीवन बीमा कम्पनी हो ।

**ख) निकायको काम, कर्तव्य र अधिकारः**

बीमा ऐन २०७९ बमोजिमको काम, कर्तव्य र अधिकार यस बीमा कम्पनीमा निहित रहेको छ ।

**ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः**

आर्थिक वर्ष २०८०।८१ को तेश्रो त्रैमाससम्ममा स्थायी तथा अस्थायी गरी यस कम्पनीमा जम्मा ४३० जना कर्मचारीहरु कार्यरत छन् जसमध्ये महिला कर्मचारीहरुको संख्या १६० रहेको छ । कम्पनीले तोकेको कार्य विभिन्न कर्मचारीहरुको मार्फत् भइरहेको छ । व्यवस्थापन तह तथा शाखा प्रमुखहरुको नामावली कम्पनीको वेबसाइट www.asianlife.com.np मा उपलब्ध छ ।

**घ) निकायबाट प्रदान गरिने सेवा :**

यस कम्पनीबाट विभिन्न वर्गलाई लक्षित गरी सावधिक जीवन बीमा, सामूहिक जीवन बीमा, लघु जीवन बीमा योजनाहरु सम्बन्धी सेवाहरु प्रदान गरिँदै आएको छ ।

**ङ) सेवा प्रदान गर्ने कम्पनीको शाखा र जिम्मेवार अधिकारीः**

यस कम्पनीले हालसम्म केन्द्रीय कार्यालय सहित ४८ शाखा तथा ९० उपशाखाहरुबाट जीवन बीमा सेवा प्रदान गरिरहेका छन् । सेवा प्रदान गर्ने शाखाहरु तथा जिम्मेवार अधिकारीहरुको नामावली यस कम्पनीको वेबसाइट www.asianlife.com.np मा उपलब्ध छ ।

**च) सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी :**

सामान्य जीवन बीमाको हकमा श्री नेपाल बीमा प्राधिकरणको स्वीकृती तथा प्राधिकरणद्वारा समय समयमा जारी गरिने निर्देशन बमोजिमको बीमाशुल्क तथा अन्य बीमाको हकमा कम्पनीको जोखिमाङ्कन विभाग तथा पूनर्बीमकबाट तोकिए बमोजिमको बीमाशुल्क भुक्तानी पश्चात् तत्कालै बीमालेख उपलब्ध गराईन्छ । साथै दाबी परेमा आवश्यक सम्पूर्ण कागजात तथा जानकारी प्राप्त भएको मितिले १५ दिनभित्र दायीत्व निर्धारण गरी भुक्तानी पूर्जी (Discharge Voucher) जारी गरिन्छ र यसरी जारी गरेको भुक्तानी पूर्जी निवेदकबाट प्राप्त भएको मितिले ७ दिन भित्र बीमा दाबी भुक्तानी गरिन्छ ।

**छ) निर्णय गर्ने प्रकृया र अधिकारी :**

यस कम्पनीले बीमा कारोबारहरुको सम्बन्धमा गरिने विभिन्न निर्णयहरु विभिन्न तहका कर्मचारीहरुले विषय वस्तुको प्रकृतिको आधारमा निर्णय लिने व्यवस्था एवं प्रकृया मिलाइएको छ । अन्य विशेष निर्णयहरुको हकमा विषय वस्तुको प्रकृतिको आधारमा प्रमुख कार्यकारी अधिकृत, कम्पनीको विभिन्न समिति तथा उपसमिति तथा संचालक समितिबाट आवश्यक निर्णयहरु लिने गरिएको छ ।

**ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

उजुरीको प्रकृतिको आधारमा सम्बन्धित विभागिय प्रमुखको निर्णय उपर उजुरी सुन्ने अधिकारी प्रमुख कार्यकारी अधिकृत रहेका छन्  भने प्रमुख कार्यकारी अधिकृतको निर्णय उपर संचालक समितिमा उजुरी गर्न सकिने छ ।

**झ) सम्पादन गरेको कामको विवरण :**

बीमा ऐन २०७९ तथा नेपाल बीमा प्राधिकरणले तोके बमोजिम जीवन बीमासँग सम्बन्धि कारोबारहरु ।

**ञ) सूचना अधिकारीको नाम र पद :**

ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न निम्न अधिकारीलाई तोकिएको छ ।

सूचना अधिकारी :श्री होम बहादुर श्रेष्ठ

पदःनायब प्रमुख कार्यकारी अधिकृत

सम्पर्क फोन नं. ०१-४५१०११५,email: hom.shrestha@asianlife.com.np

**ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

बीमा ऐन २०७९, बीमा नियमावली २०४९, कम्पनी ऐन, २०६३, धितोपत्र ऐन २०६३ तथा नियमावली २०६४, श्रम ऐन २०७४ तथा नियमावली २०७४, बोनश ऐन २०३० तथा नियमावली २०३९, आयकर ऐन २०५८ तथा नियमावली २०५९, मूल्य अभिवृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३, बीमा ऐन २०७९, नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५, सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तिय लगानी निवारण सम्बन्धी निर्देशिका २०७५, आन्तरिक लेखापरिक्षण सम्बन्धि निर्देशिका २०७२ तथा संचालक समितिद्वारा जारी निति तथा विनियमहरु ।

**ठ) आम्दानी खर्च तथा आर्थिक कारोबारहरु सम्बन्धि अद्यावधिक विवरण :**

यस कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ र त्यसरी प्रकाशित आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी त्रैमासिक विवरण यस कम्पनीको वेबसाइट www.asianlife.com.np मा समेत राखिएको छ ।

**ड) तोकिए बमोजिमका अन्य विवरण :**

तोकिए बमोजिमका अन्य विवरण नभएको ।

**ढ) सहायक कम्पनीः**

एशियन क्यापिटल लिमिटेड

**ण) कम्पनीको वेबसाइट भए सो को विवरण :**

www.asianlife.com.np

**त) कम्पनीका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरणः**

राष्ट्रिय स्तरको पत्रपत्रिका तथा यस कम्पनीको वेबसाइट www.asianlife.com.np

**थ) बीमकको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना :**

बीमा कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ ।

श्री दिनेश लाल श्रेष्ठ

प्रमुख कार्यकारी अधिकृत

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

एशियन लाईफ भवन, मैतिदेवी-३०, काठमाण्डौं

फोन नं. ०१-४५१०११५, ०१-४५३०२७०,

पो.ब.नं. २५९४३

email:dinesh.shrestha@asianlife.com.np